# केश श्रृंगार तथा सौन्दर्य सम्बन्धी पाठ्यक्रम
# (HAIR DRESSING AND BEAUTY CURRICULUM)

(कक्षा ८ उत्तीर्ण भएका प्रशिक्षार्थीहरूको लागि)


नेपाल सरकार
श्रम तथा यातायात व्यवस्था मन्त्रालय
**व्यावसायिक तथा सीप विकास तालिम केन्द्र**
(विभाग स्तरीय कार्यालय)
**सैंबु, भैंसेपाटी, ललितपुर**
फोन नं. ५५९०२५४, ५५९०८००
फ्याक्स नं. ५५९०८९४
आ.व.०७१।७२

# विषय सूची


| क्र.सं. | विषय | पाना नं. |
|---|---|---|
| १. | पाठ्यक्रम निर्माण उपसमिति | १ |
| २. | नर्म्स निर्माण उपसमिति | २ |
| ३. | मौलिक उद्देश्य र लक्ष्य | ३ |
| ४. | पाठ्यांश विवरण | ४ |
| ५. | उद्देश्यहरू | ५ |
| ६. | पाठ्यांशको क्रमबद्धता र समयावधि (सैद्धान्तिक र प्रयोगात्मक) | ६ |
| ७. | प्रोजेक्ट केन्द्रीय पाठ्यांश | ७ |
| ८. | रोजगारमूलक सीप मोडेल | ८ |
| ९. | मूल्याङ्कन योजना | ९ |
| १०. | प्रशिक्षण र सिकाईका लागि मार्गदर्शनहरू | १० |
| ११. | संक्षिप्त विवरण | ११ |
| १२. | केश श्रृंगार तथा सौन्दर्य विषयको लागि रोजगारमूलक सीप चार्ट | १२ |
| १३. | कार्य तथा उपकार्यहरू | १५ |
| १४. | मेशिन, औजार तथा सरसामानको मापदण्ड (नर्म्स) | ३५ |

# पाठ्यक्रम निर्माण उप-समिति

व्यावसायिक तथा सीप विकास तालीम केन्द्रको पाठ्यक्रम विकास शाखाको तत्वावधानमा "केश श्रृंगार तथा सौन्दर्य" विषयको तालीमको पाठ्यक्रम तयार पार्न व्यावसायिक तथा सीप विकास तालीम केन्द्रका निर्देशकको संयोजकत्वमा गठित उप-समितिको वैठकमा देहायका प्रतिनिधिहरूले भाग लिनु भएको थियो ।

| क्र.सं. | नाम | दर्जा | कार्यालय |
|---|---|---|---|
| १. | संयोजक श्री तेजराज शर्मा | निर्देशक | व्यावसायिक तथा सीप विकास तालीम केन्द्र |
| २. | सदस्य श्री डा.राज्यश्री श्रेष्ठ | विषय विज्ञ | ग्लामर इन्टरनेशनल |
| ३. | सदस्य श्री प्रेमचन्द्र पोखरेल | आमन्त्रित | राष्ट्रिय सीप परिक्षण समिति (NSTB) |
| ४. | सदस्य श्री लक्ष्मी अधिकारी | प्रशिक्षक | व्यावसायिक तथा सीप विकास तालीम केन्द्र |
| ५. | सदस्य सचिव श्री रमा उपाध्याय | वार्डेन अधिकृत | व्यावसायिक तथा सीप विकास तालीम केन्द्र |
| ६. | सहायक श्री इन्द्रा कुमारी स्वाँर | ना.सु. | व्यावसायिक तथा सीप विकास तालीम केन्द्र |
| ७. | सहायक श्री सुबन दवाडी | क.अपरेटर | व्यावसायिक तथा सीप विकास तालीम केन्द्र |

# नर्म्स निर्माण उप–समिति

| क्र.सं. | नाम | दर्जा | कार्यालय |
| --- | --- | --- | --- |
| १. | संयोजक श्री तेजराज शर्मा | निर्देशक | व्यावसायिक तथा सीप विकास तालीम केन्द्र |
| २. | सदस्य श्री डा.राज्यश्री श्रेष्ठ | विषय विज्ञ | ग्लामर इन्टरनेशनल |
| ३. | सदस्य श्री प्रेमचन्द्र पोखरेल | आमन्त्रित | राष्ट्रिय सीप परिक्षण समिति (NSTB) |
| ४. | सदस्य श्री लक्ष्मी अधिकारी | प्रशिक्षक | व्यावसायिक तथा सीप विकास तालीम केन्द्र |
| ५. | सदस्य श्री रमा उपाध्याय | वार्डेन अधिकृत | व्यावसायिक तथा सीप विकास तालीम केन्द्र |
| ६. | सदस्य सचिव श्री नारायण प्रसाद पाठक | लेखा अधिकृत | व्यावसायिक तथा सीप विकास तालीम केन्द्र |
| ७. | सहायक श्री इन्द्रा कुमारी स्वाँर | ना.सु. | व्यावसायिक तथा सीप विकास तालीम केन्द्र |
| ८. | सहायक श्री सुबन दवाडी | क.अपरेटर | व्यावसायिक तथा सीप विकास तालीम केन्द्र |

## मौलिक उद्देश्य

देशमा वढ्दो मात्रामा पर्यटकहरूको आवागमन र आधुनिक रहन सहनको प्रभावले गर्दा हाम्रो देश नेपालमा पनि विगत केही वर्ष यता महिला तथा पुरूष वर्गहरूमा केश श्रृंगार गर्ने प्रवृत्ति वढ्दो मात्रामा देखिन थालेको छ । विश्वमा नै केश श्रृंगार र सौन्दर्यमा विधामा प्रतिस्पर्धा तथा लोकप्रियता दिनप्रतिदिन वृद्धि भैरहेको जानकारी तथा सूचना विभिन्न मिडिया तथा इन्टरनेटबाट पाउँदै आएका छौं । यही कुरालाई ध्यानमा राखी साधारण शिक्षा प्राप्त गरी वेरोजगार अवस्थामा रहेका महिला र पुरूषहरूलाई केश श्रृंगार सम्बन्धी तालिम उपलब्ध गराई स्वयं, ज्यालादारी तथा वैदेशिक रोजगारका अवसरहरू प्राप्त गर्न सक्षम तुल्याउनुको साथै स्थानीय व्यक्तिहरूलाई उक्त विषयमा तालिम प्रदान गरी गैर नेपाली कामदारहरूको वढी संलग्नतालाई विस्थापित गर्दै लैजाने हेतुले र समयानुकुल पाठ्यक्रमलाई आवश्यकता अनुसार संशोधन गर्दै लग्ने उद्देश्यलाई दृष्टिगत गरी व्यावसायिक तथा सीप विकास तालिम केन्द्रको पाठ्यक्रम विकास शाखाले यस पाठ्यक्रमको निर्माण गरिएको छ ।

## लक्ष्य

यस केश श्रृंगार तथा सौन्दर्य सम्बन्धी पाठ्यांशको सामान्य लक्ष प्रशिक्षार्थीहरूमा अर्धदक्ष स्तरको रोजगार पाउनको लागि आवश्यक सीप प्रदान गर्नु हो । उपयुक्त रोजगारले प्रशिक्षार्थीहरूको जीवनशैली उकास्नुको साथै यस विषयमा संलग्न गैर नेपाली कामदारहरूलाई प्रतिस्थापन गर्नलाई समेत टेवा पुग्नेछ । यस पाठ्यांश अनुसार तालिम प्राप्त गरेपछि प्रशिक्षार्थीहरूले निम्न बमोजिम गर्न सक्षम हुनेछन्:

१. केश श्रृंगारको परिचय र महत्व दिन ।

२. कपाल नुहाउने तरिका बारे जानी सुरक्षित साथ उचित तरिकाले कपाल नुहाई दिन ।

३. कपाल काट्ने तरिकाको महत्व जानी सुरक्षित साथ विभिन्न किसिमले कपाल काट्न ।

४. टाउको मसाजको आवश्यकता बारे बताउन र मसाज गर्न ।

५. कपालमा मेहंदी लगाउन ।

६. अनुहार सफा गर्ने, छालालाई उज्यालो बनाउने, अनावश्यक रौं निकाल्ने तथा आंखी भौं मिलाउने तरिकाको परिचय पाई यी कामहरू गर्न ।

७. हात र खुट्टा सफा गर्ने र हात/खुट्टामा मेहन्दी लगाउने तरिका पाई काम गर्न ।

८. केटाको कपाल उचित ढंगले काट्न र पुरूषको दाह्री बनाउन ।

९. वस्तुको मूल्य, ह्रास मूल्य र ओभरहेड मूल्यमा नाफाको प्रतिशत निकाल्न ।

# पाठ्यांश विवरण

१. व्यावसायिक तथा सीप विकास तालिम केन्द्रको केश श्रृंगार तथा सौन्दर्य सम्बन्धी विषयको पाठ्यांश अर्धदक्ष केश श्रृंगार तथा सौन्दर्य सम्बन्धी जनशक्ति उत्पादन गर्नको लागि निर्माण गरिएको हो । यो पाठ्यांश व्यावहारिक सीप र ज्ञानमा केन्द्रित रहेको छ ।

२. यस पाठ्यांशमा कूल ३९० पाठ्यघण्टा समावेश गरिएको छ (लगभग ३ महिना) । ८० प्रतिशत पाठ्यभार प्रयोगात्मक विषयमा ३१२ घण्टा र २० प्रतिशत पाठ्यभार सैद्धान्तिक विषयमा ७८ घण्टा पर्छ । जसमा औसत दैनिक ५ घण्टा प्रयोगात्मक कार्य र १ घण्टा सैद्धान्तिक विषय पर्न आउँछ ।


३. यस पाठयांशको शुरू देखि अन्त्यसम्म महिला तथा पुरूषको कपाल काट्ने, धार्मिक संस्कार, सरसफाई, सौन्दर्य तथा व्यक्तित्व दर्शाउन आवश्यक पर्ने व्यावहारिक सीप तथा सैद्धान्तिक ज्ञान र प्रोजेक्टको लागि आवश्यक पर्ने सरलबाट कठिन कार्यको आधारमा विकास गरिएको छ ।

४. पाठ्यांशको मुख्य केन्द्रविन्दु प्रयोगात्मक सीप विकासमा रहेको छ । सीपको विकास पाठ्यांशको प्रत्येक इकाई अनुसार गरिएको छ र अभ्यास कार्य, समस्यामूलक इकाइ तालिम अवधिमै संयुक्त रूपमा गराउने व्यवस्था छ ।

५. यस पाठ्यांशको लागि भर्ना योग्यता कक्षा ८ उतीर्ण भएको हुनुपर्छ ।

## उद्देश्यहरू

यस पाठ्यक्रममा समावेश भएको उद्देश्यहरू प्रशिक्षार्थीको कार्यमूलक कामको आधारमा गरिएका छन् । प्रशिक्षण पूरा भएपछि र प्रोजेक्ट समाप्त भएपछि प्रशिक्षार्थीले के गर्न सक्षम हुनुपर्छ वा के थाहा पाउन सक्नु पर्छ भन्ने कुरा उद्देश्यहरूले बताउँछन् । उद्देश्यहरूले नै प्रशिक्षार्थीलाई सैद्धान्तिक र प्रयोगात्मक विषय तयार गर्न मार्ग दर्शन दिन्छन् । कार्य, उद्देश्यहरूले प्रशिक्षण र मूल्यांकनलाई संयुक्त रूपले व्यावसायिक शिक्षाको शिक्षण सिकाइ प्रक्रियामा प्रभावकारिता ल्याउँछ ।





उद्देश्यहरू मूल्यांकनको सिद्धान्तको रूपमा प्रयोग गरी यसले प्रशिक्षार्थीलाई प्रशिक्षकले आवश्यक पर्ने ज्ञान र सीप कतिको राम्ररी प्रदान गरियो भन्ने थाहा पाउन उपयुक्त अवसर मिल्दछ । उद्देश्यहरू नै पाठ्यक्रमको मुटु हो ।

## पाठ्यांशको क्रमबद्धता र समयावधि (सैद्धान्तिक र प्रयोगात्मक)

| क्र.सं. | विषय | सैद्धान्तिक | प्रयोगात्मक | समय (घण्टा) |
|---|---|---|---|---|
| १. | केश श्रृंगार | २ | – | २ |
| २. | सुरक्षा | २ | २ | ४ |
| ३. | ग्राहकसंगको सम्बन्ध | ३ | – | ३ |
| ४. | कपाल काट्नु अगाडी गर्नुपर्ने आधारभूत कार्यहरू | २ | २ | ४ |
| ५. | कपाल काट्ने (सिधा, यू, भी, ब्वाईज, स्टेप) | ७ | ९० | ९७ |
| ६. | स्काल्प आयल मसाज (Scalp Oil Massage) | ३ | १२ | १५ |
| ७. | कपालमा मेहन्दी लगाउने | ३ | ८ | ११ |
| ८. | कपालमा रंग लगाउने र हाईलाईट | ६ | १७ | २३ |
| ९. | जुरो बनाउने (राउण्ड, फ्रेन्च, क्रसनट, सेन्टरनट) | १० | ४० | ५० |
| १०. | आँखी भौं मिलाउने | २ | १२ | १४ |
| ११. | वाक्सिङ्ग (Waxing) | ३ | १५ | १८ |
| १२. | मेनिक्योर | २ | १२ | १४ |
| १३. | पेडिक्योर | २ | १२ | १४ |
| १४. | मेहन्दी आर्ट | ३ | १२ | १५ |
| १५. | फेस क्लिन्जिङ्ग | ३ | १० | १३ |
| १६. | स्याम्पू | २ | ८ | १० |
| १७. | ब्लो ड्राई | २ | १२ | १४ |
| १८. | रोलर सेटिङ्ग | ३ | १० | १३ |
| १९. | पुरूषको कपाल काट्ने | ३ | २० | २३ |
| २०. | पुरूषको दाह्री काट्ने | ३ | ८ | ११ |
| २१. | निर्मलीकरण र सरसफाई | ४ | १० | १४ |
| २२. | प्राथमिक उपचार | ४ | – | ४ |
| २३. | पेशागत नैतिकता | ४ | – | ४ |
| | जम्मा: | ७८ | ३१२ | ३९० |

# प्रोजेक्ट केन्द्रीय पाठ्यांश

चित्र नं. १





सी = सीप
ज्ञा = ज्ञान

व्यावसायिक तथा सीप विकास तालिम केन्द्रका पाठ्यांशहरू प्रोजेक्टमा केन्द्रित छन् । प्रोजेक्टहरूको छनौट र क्रमवद्धता रोजगारको प्रवेशमा आवश्यक कार्य स्तरको ज्ञान र सीपको आधारमा निर्धारण गरिएको छ ।

चित्र नं. १ ले व्यावसायिक तथा सीप विकास तालिम केन्द्रका धेरैजसो पाठ्यांशरूमा करिब २० प्रतिशत सैद्धान्तिक र ८० प्रतिशत प्रयोगात्मक विषय पाठ्यभार रहेको देखाउँछ । मूख्य रूपमा चित्रले प्रोजेक्टको केन्द्रीय स्वरूपमा ज्ञान र सीपको आवश्यकता बारे प्रकाश पार्छ । व्यावसायिक तथा सीप विकास तालिमका प्रशिक्षकहरूले तालिम अवधिभर ज्ञान र सीपको विकासमा समन्वय ल्याई प्रोजेक्टमा क्रमवद्धता मिलाउनु पर्दछ । सैद्धान्तिक विषय र सीप त्यस बेलामा सिकाउनु पर्दछ, जुन बेला उक्त विषयमा सीप हासिल गरी प्रशिक्षार्थीहरूले आफ्नो प्रोजेक्ट समाप्त गर्न सक्षम हुन्छन् । यो नै सबैभन्दा प्रभावकारी विधि हो र यसले साधारणतया छिटो र प्रभावकारी शिक्षण प्रदान गर्दछ । जसबाट –

१. प्रशिक्षार्थीले ज्ञान र सीपको महत्व पत्ता लगाउँछ । (प्रेरणा जागृत हुनु)
२. सैद्धान्तिक पाठ र प्रदर्शन पाठमा सम्मिलित हुन्छ । (सिक्दछ)
३. प्रोजेक्टमा नयाँ शिक्षण विधि तुरून्त अपनाउँछ । (अभिप्रेरित हुनु)

**रोजगारमूलक सीप मोडेल (Model of Employable Skill Chart)**




**चित्र नं. २**

# मूल्यांकन योजना

केश श्रृंगार तथा सौन्दर्य सम्बन्धी पाठ्यांशका प्रशिक्षार्थीहरूको निम्न योजना बमोजिम मूल्यांकन गरिन्छ ।

१. क. प्रयोगात्मक भार ८० प्रतिशत

ख. सैद्धान्तिक भार २० प्रतिशत

२. प्रयोगात्मक मूल्यांकन :

क. प्रत्येक प्रशिक्षार्थीहरूले मूल्यांकनको लागि पाठ्यांशको प्रोजेक्टहरू सम्पादन गर्नुपर्दछ ।

ख. पाठ्यांश अवधिभर कम्तीमा चार पटक प्रयोगात्मक मूल्यांकन हुनेछ ।

ग. प्रयोगात्मक मूल्याङ्कनमा निम्न लिखित कुराहरू समावेश हुनेछ ।

अ. प्रोजेक्टको कार्य वस्तु

आ. प्रशिक्षार्थीहरूको कार्य, सीप र स्तर

इ. कार्यशाला र व्यक्तिगत सुरक्षा

३. सैद्धान्तिक मूल्यांकन :

पाठ्यांश अवधिभर मूल्यांकन गर्न कम्तीमा २ पटक लिखित परीक्षा लिइनेछ । २×१० प्रतिशत = २० प्रतिशत । लिखित परीक्षामा सामान्यतया वस्तुगत प्रश्नहरू समावेश हुनेछन् ।

# प्रशिक्षण र सिकाइको लागि मार्ग दर्शनहरू

व्यावसायिक तथा सीप विकास तालिम केन्द्रका प्रशिक्षार्थीहरूको सफलताको लागि आवश्यक प्रमुख प्रशिक्षण र सिकाइका सिद्धान्तहरू:

१. प्रदर्शन सामूहिक प्रशिक्षणको प्रारम्भिक विधि हो ।

२. कोचिङ्ग व्यक्तिगत प्रशिक्षार्थी प्रशिक्षणको प्रारम्भिक विधि हो ।

३. धेरै जसो सैद्धान्तिक विषय योजनावद्ध र समयानुकूल "छोटो वा उदाहरणयुक्त छलफल" माध्यमद्वारा सिकाइन्छ ।

४. आवश्यकता भए अनुसार दृश्य शैक्षिक सामग्रीहरू प्रयोग गर्नु पर्छ । (मोडेल, नमूना, चित्र चार्ट, रेखा, चित्र इत्यादि)

५. शिक्षण कार्य योजना अध्यापन गर्नुभन्दा पहिले नै तयार गर्नु पर्छ ।

६. पाठ्यांशमा शुरूमा नै प्रशिक्षार्थी मूल्याङ्कन योजना प्रशिक्षार्थी समक्ष प्रस्तुत गर्नु पर्छ ।

७. पाठयोजना सैद्धान्तिक र प्रयोगात्मक दुवै विषयमा तयार पार्नु पर्दछ ।

८. राम्रो सिकाइ र लेखाइको लागि प्रशिक्षण लेख तयार पार्नुपर्छ र तिनीहरू प्रशिक्षार्थीहरूलाई ह्याण्ड आउटको रूपमा वितरण गर्नुपर्छ ।

९. कोचिङ्ग व्यक्तिगत प्रशिक्षार्थीको आवश्यकता अनुसार हुनुपर्छ र यो पहिले विषय वा प्रदर्शनलाई पुन: दोहऱ्याउने किसिमको हुनुहुँदैन ।

१०. प्रशिक्षकले राम्रो भावना र सुरक्षा जगाउनुको साथै सीप र ज्ञान प्रदान गर्नुपर्छ ।

११. शिक्षण वातावरण प्रशिक्षार्थीहरूले आफ्नो शिक्षण सिकाइ कार्यमा चाख लिएर भाग लिनेतर्फ उन्मुख हुनु पर्छ । उचित वातावरणको सृजना नै प्रशिक्षकहरूको मूख्य ध्येय हुनुपर्छ ।

१२. नकारात्मक प्रविधि जस्तै पक्षपात, अलमल्ल, आक्षेप (निन्दापूर्ण कुरा) इत्यादिलाई सकभर उत्प्रेरित गरी हटाउनु पर्छ ।

१३. तालिम अवधिभर प्रशिक्षार्थीलाई तालिप्रति रूचि तथा आदर जगाउनु पर्छ ।

# संक्षिप्त विवरण

# केश श्रृंगार तथा सौन्दर्य विषयको लागि रोजगारमूलक सीप चार्ट
## Model of Employable Skill Chart (MESC)

| क्र.सं. | काम र कर्तव्य | कार्य १ | कार्य २ | कार्य ३ | कार्य ४ | कार्य ५ | कार्य ६ |
|---|---|---|---|---|---|---|---|
| १. | केश श्रृंगार | परिचय/महत्व | | | | | |
| २. | सुरक्षा | व्यक्तिगत | कार्यशाला | ज्यावल, यन्त्र, उपकरण तथा सरसामान | | | |
| ३. | ग्राहकसंगको सम्बन्ध | महत्व | तरिका | | | | |
| ४. | कपाल काटठ्नु अगाडि गर्नुपर्ने आधारभूत कार्यहरू | महत्व | कपाल नुहाउने | कपाल कोर्ने | कपाललाई भाग लगाउने | | |
| ५. | कपाल काट्ने | परिचय/महत्व | किसिम | तरिका | सुकाउने | | |
| ६. | स्क्याल्प आयल मसाज (Scalp Oil Massage) | परिचय/महत्व | आवश्यक सामग्रीहरूको संकलन | तरिका | | | |
| ७. | कपालमा मेहन्दी लगाउने (Henna) | परिचय/महत्व | आवश्यक सामग्रीहरूको संकलन | तरिका | सुकाउने | | |
| ८. | कपालमा रंग लगाउने र हाईलाईट | परिचय/महत्व | आवश्यक सामग्रीहरूको संकलन | तरिका | सुकाउने | | |

| क्र.सं. | काम र कर्तव्य | कार्य १ | कार्य २ | कार्य ३ | कार्य ४ | कार्य ५ | कार्य ६ |
|---|---|---|---|---|---|---|---|
| ९. | जुरो बनाउने (Juro) | परिचय/महत्व | किसिम | आवश्यक सामग्रीहरूको संकलन | तरिका | | |
| १०. | आंखी भौं मिलाउने (Threading) | परिचय/महत्व | आवश्यक सामग्रीहरूको संकलन | तरिका | | | |
| ११. | वाक्सिङ्ग (Waxing) | परिचय/महत्व | आवश्यक सामग्रीहरूको संकलन | तरिका | | | |
| १२. | मेनिक्योर (Manicure) | परिचय/महत्व | आवश्यक सामग्रीहरूको संकलन | तरिका | | | |
| १३. | पेडिक्योर (Pedicure) | परिचय/महत्व | आवश्यक सामग्रीहरूको संकलन | तरिका | | | |
| १४. | मेहन्दी कला (Mehendi Art) | परिचय/महत्व | आवश्यक सामग्रीहरूको संकलन | तरिका | | | |
| १५. | फेश क्लिन्जिङ्ग (Face Cleansing) | परिचय/महत्व | किसिम | तरिका | | | |

| क्र.सं. | काम र कर्तव्य | कार्य १ | कार्य २ | कार्य ३ | कार्य ४ | कार्य ५ | कार्य ६ |
|---|---|---|---|---|---|---|---|
| १६. | स्याम्पू | परिचय/महत्व | तरिका | सामग्री | | | |
| १७. | ब्लो ड्राई | परिचय/महत्व | तरिका | सामग्री | | | |
| १८. | रोलर सेटिङ्ग | परिचय/महत्व | तरिका | सामग्री | | | |
| १९. | पुरूषको कपाल काट्ने (Gents Cut) | परिचय/महत्व | आवश्यक सामग्रीहरूको संकलन | तरिका | हेड मसाज | | |
| २०. | पुरूषको दाह्री बनाउने (Gents Beard) | परिचय/महत्व | आवश्यक सामग्रीहरूको संकलन | तरिका | | | |
| २१. | निर्मलीकरण र सरसफाई | परिचय/महत्व | | | | | |
| २२. | प्राथमिक उपचार | परिचय/महत्व | | | | | |
| २३. | पेशागत नैतिकता | परिचय/महत्व | | | | | |

| क्र.सं. | काम र कर्तव्य | कार्य तथा उपकार्यहरू | उद्देश्य | संक्षिप्त विवरण |
|---|---|---|---|---|
| १. | केश श्रृंगार | १.१ परिचय/महत्व | १.१.१ केश र श्रृंगारको परिचय र महत्व सम्बन्धी ज्ञान | १. सरसफाई<br>२. संभार<br>३. सौन्दर्य<br>४. आकर्षक<br>५. व्यक्तित्व |
| २. | सुरक्षा | २.१ व्यक्तिगत | २.१.१ व्यक्तिगत सुरक्षा सम्बन्धी ज्ञान | १. व्यक्तिगत सरसफाई<br>२. Sanitization & Sterilization<br>१. एप्रोन<br>२. रबरको पञ्जा |
| | | २.२ कार्यशाला | २.२.१ कार्यशालाको सुरक्षा सम्बन्धी ज्ञान | १. उज्यालो कोठा<br>२. राम्रो भेन्टिलेसन<br>३. सुख्खा र सफा भूईं<br>४. औजारहरू स्टेरलाइज र व्यवस्थित रूपले राख्ने व्यवस्था<br>५. अनावश्यक व्यक्तिहरूलाई प्रवेश निषेध<br>६. प्राथमिक उपचारको व्यवस्था<br>७. फायर एक्स्टिङ्गुसरको व्यवस्था |
| | | २.३ ज्यावल, यन्त्र, उपकरण तथा सरसामानहरू | २.३.१ ज्यावल, यन्त्र, उपकरण तथा सरसामानहरूको सुरक्षा सम्बन्धी ज्ञान | १. समय समयमा स्टेरलाइज गर्ने<br>२. दैनिक मेसिन सफा गर्ने<br>३. उचित भण्डारको व्यवस्था<br>४. आवश्यकता अनुसार सामानहरू फेर्ने<br>५. आवश्यकता अनुसार समय समयमा रिपेयरिङ्ग गर्ने । |

| क्र.सं. | काम र कर्तव्य | कार्य तथा उपकार्यहरू | उद्देश्य | संक्षिप्त विवरण |
|---|---|---|---|---|
| ३. | ग्राहकसंगको सम्बन्ध | ३.१ महतव | ३.१.१ केश श्रृंगार गर्न आउने ग्राहक हरूसंग गर्ने व्यवहारको महत्व सम्बन्धी ज्ञान | १. व्यापार वृद्धि |
| | | ३.२ तरिका | ३.२.१ ग्राहकहरूसंग राम्रो सम्बन्ध राख्ने तरिका सम्बन्धी ज्ञान | १. हंसिलो अनुहार<br>२. मिजासिलो व्यवहार<br>३. मिठो बोलीको प्रयोग<br>४. पत्रपत्रिकाको व्यवस्था<br>५. निश्चित तोकिएको समयमा उपस्थिती<br>६. प्रतिक्षा कक्ष<br>७. युनिफर्मको व्यवस्था<br>८. स्टाइलिङ्ग बुकको व्यवस्था |
| ४. | कपाल काट्नु अगाडि गर्नुपर्ने आधारभूत कार्यहरू | ४.१ महत्व | ४.१.१ कपाल काट्ने अगाडि गर्नुपर्ने आधारभूत कार्यहरूको महत्व सम्बन्धी ज्ञान | १. कपालको प्राकृतिक विशेषता थाहा पाउन |
| | | ४.२ कपाल नुहाउने | ४.२.१ ग्राहकहरूको आवश्यकता अनुसारको स्याम्पो प्रयोग गरी सही तरिकामा कपाल नुहाउन सक्षम | १. ग्राहकको कान र मुखमा पानी नपठाउने/कानमा कपास राख्ने |
| | | ४.३ कपाल कोर्ने | ४.३.१ नुहाई सकेको कपाललाई सही तरिकाले कोर्न सक्षम | १. मेचमा बसाउने<br>२. एप्रोन केप ग्राहकलाई लगाउने<br>३. काईयोले राम्ररी कोर्ने |
| | | ४.४ कपाललाई भाग | ४.४.१ कोरिसकेको कपाललाई स्टाइल | १. भाग लगाईसकेको कपाल जाको |

| क्र.सं. | काम र कर्तव्य | कार्य तथा उपकार्यहरू | उद्देश्य | संक्षिप्त विवरण |
|---|---|---|---|---|
| | | लगाउने | अनुसार सही तरिकाले भाग लगाउन सक्षम | पिनले च्याप्ने |
| ५. | कपाल काट्ने | ५.१ परिचय/महत्व | ५.१.१ ग्राहकहरूको माग अनुरूप सही तरिकाले कपाल काट्ने महत्व सम्बन्धी ज्ञान | १. आकर्षण तथा सौन्दर्य वढाउन<br>२. व्यक्तित्व झल्काउने<br>३. स्वास्थ्य र सुन्दरताको लागि |
| | | ५.२ किसिम (Style) | ५.२.१ ग्राहकको माग अनुसार विभिन्न style मा सही तरिकाले कपाल काट्न सक्षम | १. सिधा काट्ने (Straight cut)<br>२. यु आकार (U shape cut)<br>३. भी आकार (V shape cut)<br>४. पुरूषको जस्तो काट्ने (Boy's cut)<br>५. तह तह पारी काट्ने (Step cut) |
| | | ५.३ तरिका | ५.३.१ सही तरिकाले style अनुसार कपाल काट्न सक्षम | १. सही तरिकाले कैंचीको प्रयोग गर्ने<br>२. भाग लगाईसकेको कपाललाई गाइड लाइन (guide line) अनुसार काट्ने<br>३. क्रमश: style अनुसार काट्दै लग्ने |
| | | ५.४ सुकाउने | ५.४.१ काटिसकेको कपाललाई ग्राहकको माग अनुसार कपाल सुकाउन सक्षम | १. प्राकृतिक तवरले सुकाउने<br>२. रूमालले सुकाउने<br>३. इलेक्ट्रिक ह्याण्ड ड्रायर (Hand dryer) ले सुकाउने<br>४. इलेक्ट्रिक ह्याण्ड ड्रायर र ब्रसले सुकाउने (Blow dry)<br>५. हुड ड्रायर (Hood dryer) ले सुकाउने |
| ६. | स्कलाल्प आयल मसाज (Scalp Oil Massage) | ६.१ परिचय/महतव | ६.१.१ स्क्याल्प आयल मसाज गर्ने परिचय र महत्व सम्बन्धी ज्ञान | १. आरामको लागि<br>२. उपचारको लागि |

| क्र.सं. | काम र कर्तव्य | कार्य तथा उपकार्यहरू | उद्देश्य | संक्षिप्त विवरण |
|---|---|---|---|---|
| | | | | ३. कपाल स्वस्थ राख्न |
| | | ६.२ आवश्यक सामग्रीहरूको संकलन | ६.२.१ स्क्याल्प आयल मसाजको लागि चाहिने आवश्यक सामग्रीहरू संकलन सम्बन्धी ज्ञान | १. काईंयो (पुच्छर भएको काईंयो)<br>२. मेटलको कचौरा<br>३. तेल<br>४. कपास<br>५. रूमाल<br>६. हेड स्टीमर<br>७. हिटर<br>८. गिजर<br>९. हेयर ड्रायर<br>१०. सेटिङ्ग ब्रस |
| | | ६.३ तरिका | ६.३.१ सही तरिकाले स्क्याल्प आयल मसाज गर्न सक्षम | १. कपाललाई भाग लगाउने<br>२. आवश्यक तापक्रम मिलाएर तेल लगाउने<br>३. औंलाले मसाज शुरू गर्ने<br>४. प्रेसर प्वाईन्ट (Pressure point) दिने<br>५. १५–२० मिनेट सम्म मसाज गर्ने<br>६. मसाज गर्दा सही तरिकाले गर्ने<br>७. कपाललाई आवश्यकता अनुसार १०–१५ मिनट स्टीम दिने<br>८. स्याम्पो लगाई नुहाईदिने<br>९. ड्रायरको प्रयोग गरी सुकाई दिने |
| ७. | कपालमा मेहन्दी लगाउने (Henna) | ७.१ परिचय/महत्व | ७.१.१ मेहन्दी लगाउने परिचय र महत्व सम्बन्धी ज्ञान | परिचय<br>१. केमिकल प्रयोग नगरिकन प्राकृतिक तरिकाले कपाल रंगाउने<br>महत्व<br>१. कपाललाई कन्डिसन दिन्छ |

| क्र.सं. | काम र कर्तव्य | कार्य तथा उपकार्यहरू | उद्देश्य | संक्षिप्त विवरण |
|---|---|---|---|---|
| | | | | २. सेतो कपाललाई प्राकृतिक तरिकाले रंगाउंछ |
| | | ७.२ आवश्यक सामग्रीहरूको संकलन | ७.२.१ मेहन्दी लगाउन चाहिने आवश्यक सामग्रीहरू संकलन सम्बन्धी ज्ञान | १. एप्रोन कोट (वाटर प्रुफ)<br>२. एप्रोन केप (वाटर प्रुफ)<br>३. काईंयो (Tail comb)<br>४. मेहन्दी<br>५. कफी/चिया<br>६. रबरको पंजा<br>७. हेना ब्रस<br>८. कचौरा<br>९. जाको क्लिप<br>१०. रूमाल<br>११. गिजर<br>१२. हेयर ड्रायर |
| | | ७.३ तरिका | ७.३.१ सही तरिकाको प्रयोग गरी मेहन्दी लगाइदिन सक्षम | १. कपालको बनौट अनुसार मेहन्दीको धूलोमा ग्राहकको आवश्यकता अनुसार चिया/कफी, तातो पानी कचौरामा मिसाउने<br>२. मिसाएको सामग्रीलाई ब्रसले राम्रोसित मिलाउने<br>३. ग्राहकलाई एप्रोन केप लगाउने<br>४. ग्राहकको कपाललाई भाग लगाउने<br>५. माथिल्लो भाग देखि शुरू गरी क्रमश: ब्रसले लगाउँदै जाने<br>६. आवश्यकता अनुसार २–३ घण्टा सम्म राख्ने<br>७. त्यसपछि ग्राहकको कपाल नुहाईदिने |

| क्र.सं. | काम र कर्तव्य | कार्य तथा उपकार्यहरू | उद्देश्य | संक्षिप्त विवरण |
|---|---|---|---|---|
| | | ७.४ सुकाउने | ७.४.१ नुहाईसकेको कपाललाई सही तरिकाले सुकाउन सक्षम | १. ग्राहकको इच्छा अनुसार मेहन्दी लगाएको कपाललाई सुकाईदिने |
| ८. | कपालमा रंग लगाउने र हाईलाइट (Hair Dye & Highlight) | ८.१ परिचय/महत्व | ८.१.१ कपाल रंगाउने तथा हाईलाईटको परिचय र महत्व सम्बन्धी ज्ञान | <u>परिचय</u><br>१. ग्राहकको इच्छा अनुसार विभिन्न रंगले कपाल रंगाउने<br><u>महत्व</u><br>१. सेतो कपाललाई ग्राहकको इच्छा अनुसार विभिन्न रंगले रंगाउने |
| | | ८.२ आवश्यक सामग्रीहरूको संकलन | ८.२.१ कपाल रंगाउन आवश्यक सामग्रीहरूको संकलन सम्बन्धी ज्ञान | <u>रंगाउन</u><br>१. एप्रोन कोट (वाटर प्रुफ)<br>२. एप्रोन केप (वाटर प्रुफ)<br>३. काईंयो (Tail comb)<br>४. जाको क्लिप<br>५. डाई ब्रस<br>६. पंजा<br>७. डाई (Colour)<br>८. रूमाल<br>९. गिजर<br>१०. हेयर ड्रायर<br><u>हाइलाइट गर्न थप</u><br>१. Highlight cap with Cruser<br>२. Aluminium Folio (Silver Paper)<br>३. Celephone, Transparant Polythine |
| | | ८.३ तरिका | ८.३.१ सही तरिकाले कपाल रंगाउन | १. कपाल रंगाउने २४, ४८ घण्टा |

| क्र.सं. | काम र कर्तव्य | कार्य तथा उपकार्यहरू | उद्देश्य | संक्षिप्त विवरण |
|---|---|---|---|---|
| | | | सक्षम | अगाडि Chemical Test, Rash Test, Scalp test गर्ने<br>२. ग्राहकको कपाल नुहाएर सुकाईदिने<br>३. ग्राहकको इच्छा अनुसारको रंग (Dye) कचौरामा राख्ने<br>४. रंग (Dye) मा डेभलपर लोसन मिसाउने<br>५. ग्राहकलाई एप्रोन केप लगाइदिने<br>६. कपाललाई भाग लगाउने<br>७. रबरको पन्जा लगाई कपालमा tint brush ले रंग लगाउने<br>८. कपालमा रंग लगाइसकेपछि २०–३० मिनेट राख्ने<br>९. त्यसपछि कपाल काईंयोले कोर्ने<br>१०. कोरिसकेपछि १० मिनेट राख्ने<br>११. १० मिनेटपछि रंगाएको कपाल hair conditioning लगाएर धुने<br>१२. कपाल सुकाएर ग्राहकको इच्छा अनुसार style गरिदिने |
| | | | ८.३.२ सही तरिका जानी कपाल हाइलाइट गर्न सक्षम | १. स्याम्पू गरेको तथा सफा केशमा हाइलाइट गर्नुपर्ने<br>२. Highligt cap वा Aluminium folio वा Celephone लगाएर हाइलाइट गर्नुपर्ने<br>३. माथि उल्लेखित कपाल रंगाउन अपनाईएको विधिबाट नै हाइलाइट गर्ने |

| क्र.सं. | काम र कर्तव्य | कार्य तथा उपकार्यहरू | उद्देश्य | संक्षिप्त विवरण |
|---|---|---|---|---|
| | | ८.४ सुकाउने | ८.४.१ रंगाएको वा हाइलाइट गरेको कपाललाई सही तरिकाले सुकाउन सक्षम | १. रंगाएको वा हाइलाइट गरेको कपाल नुहाई सुकाउने |
| ९. | जुरो (Juro) बनाउने | ९.१ परिचय/महत्व | ९.१.१ जुरो बनाउने सम्बन्धी परिचय र महत्व सम्बन्धी ज्ञान | <u>परिचय</u><br>१. कपाललाई विभिन्न किसिमले समय अनुरूप सिंगार्ने<br><u>महत्व</u><br>१. आकर्षक<br>२. सौन्दर्य<br>३. व्यक्तित्व दर्शाउने |
| | | ९.२ किसिम | ९.२.१ विभिन्न किसिमको जुरो सम्बन्धी ज्ञान | १. राउण्ड<br>२. फ्रेन्च<br>३. क्रसनट<br>४. सेन्टरनट |
| | | ९.३ आवश्यक सामग्रीहरूको संकलन | ९.३.१ जुरो बनाउन आवश्यक सामग्रीहरूको संकलन सम्बन्धी ज्ञान | १. जाको क्लिप<br>२. काईंयो (टेल कम्ब)<br>३. वाटर स्प्रे<br>४. पिन (यू पिन, चेप्टी पिन, सजावटको पिनहरू)<br>५. रबर ब्याण्ड<br>६. हेयर स्प्रे, जेल, मुस |
| | | ९.४ तरिका | ९.४.१ ग्राहकको इच्छा अनुसार सही | १. आवश्यकता अनुसार कपाललाई |

| क्र.सं. | काम र कर्तव्य | कार्य तथा उपकार्यहरू | उद्देश्य | संक्षिप्त विवरण |
|---|---|---|---|---|
| | | | तरिकाले जुरो बनाउन सक्षम | रोलर्स सेट गर्ने<br>२. सेट गरिसकेको कपाललाई कोर्ने<br>३. ग्राहकको कपाललाई भाग छुट्टयाएर ब्याक कम्ब (Back comb) गर्ने<br>४. ब्याक कम्ब गरेको भागमा स्प्रे गर्ने<br>५. ग्राहकको इच्छा अनुसार जुरो बनाउने<br>६. जुरो बनाईसकेपछि ऐना देखाउने |
| १०. | आंखी भौं मिलाउने (Threading) | १०.१ परिचय/महत्व | १०.१.१ आंखी भौं मिलाउने साधारण ज्ञान | परिचय<br>१. आंखी भौंलाई अनुहार अनुसार आकार मिलाउने<br>महत्व<br>१. आकर्षक बनाउने<br>२. सौन्दर्य वढाउने |
| | | १०.२ आवश्यक सामग्रीहरूको संकलन | १०.२.१ आंखी भौं मिलाउन आवश्यक सामग्रीहरूको संकलन सम्बन्धी ज्ञान | १. धागो (४० नं.)<br>२. पाउडर<br>३. कपास<br>४. ट्विजर<br>५. थ्रेडिङ्ग चियर<br>६. क्यालामाइन लोसन<br>७. आइब्रो कटिङ्ग सिजर्स<br>८. आइब्रो पेन्सिल<br>९. सानो ऐना<br>१०. आइब्रो ब्रस |
| | | १०.३ तारिका | १०.३.१ सही तरिकाले आंखी भौं | १. ग्राहकलाई threading chair मा |

| क्र.सं. | काम र कर्तव्य | कार्य तथा उपकार्यहरू | उद्देश्य | संक्षिप्त विवरण |
|---|---|---|---|---|
| | | | मिलाउन सक्षम | बसाउने<br>२. औंखी भौं मा पाउडर लगाउने<br>३. आंखी भौंलाई तन्काउने<br>४. ग्राहकले चाहेको आकारमा धागोले आंखी भौं मिलाउने |
| ११. | वाक्सिङ्ग (Waxing) | ११.१ परिचय/महत्व | ११.१.१ वाक्सिङ्गको परिचय र महत्व सम्बन्धी ज्ञान | परिचय<br>१. शरीरमा भएको अनावश्यक रौं हटाउने<br>महत्व<br>१. शरीरको छाला सफा पार्न |
| | | ११.२ आवश्यक सामग्रीहरू को संकलन | ११.२.१ वाक्सिङ्ग गर्दा आवश्यक सामग्रीहरू संकलन गर्न सक्षम | १. वाक्स (Hot or cold wax)<br>२. वाक्स हिटर<br>३. पाउडर<br>४. स्पंज<br>५. रूमाल<br>६. धार नभएको चक्कु (Blunt knife)<br>७. कपडाको पट्टी (Wax strip)<br>८. क्यालामाइन लोसन |
| | | ११.३ तरिका | ११.३.१ सही तरिकाले शरीरमा अनावश्यक रौं निकाल्न सक्षम | १. ग्राहकलाई वेड/मेचमा बसाउने<br>२. वाक्स गर्ने भागमा सफा गरी पाउडर लगाउने<br>३. धार नभएको चक्कुले वाक्स रौंको सुतेको तिरबाट एकनासले दल्ने<br>४. कपडाको पट्टी वाक्स लगाएको ठाउंमा टाँस्ने |

| क्र.सं. | काम र कर्तव्य | कार्य तथा उपकार्यहरू | उद्देश्य | संक्षिप्त विवरण |
|---|---|---|---|---|
| | | | | ५. पट्टीलाई रौं सुतेको भागको उल्टोबाट झट्का दिएर क्रमश: तान्ने<br>६. स्पन्जलाई पानीमा भिजाएर वाक्स गरेको भाग सफा गर्ने<br>७. अन्तमा hand or body lotion दलिदिने |
| १२. | मेनिक्योर (Manicure) | १२.१ परिचय/महत्व | १२.१.१ मेनिक्योरको परिचय र महत्व सम्बन्धी ज्ञान | परिचय<br>१. हातको नङ्गलाई इच्छा अनुसार मिलाउने र हात सफा गर्ने<br>महत्व<br>१. हातको सुन्दरता वढाउन<br>२. हात र नङ्गलाई स्वस्थ बनाउन |
| | | १२.२ आवश्यक सामग्रीहरूको संकलन | १२.२.१ मेनिक्योर गर्दा आवश्यक पर्ने सरसामानहरूको संकलन गर्न सक्षम बनाउने | १. मेनिक्योर सेट<br>२. प्लाष्टिकको कचौरा<br>३. पलिस रिमोभर<br>४. नङ्ग पालिस<br>५. ह्याण्ड लोसन<br>६. कपास<br>७. साबुन/स्याम्पो<br>८. नङ्ग ब्रस<br>९. चियर, मेनिक्योर टेबल<br>१०. हाइड्रोजन प्याराअक्साइड<br>११. बेस कोट, सुपर/फाइनल कोट<br>१२. डेटोल |
| | | १२.३ तरिका | १२.३.१ सही तरिकाले हातको सरसफाई गर्न सक्षम | १. ग्राहकलाई मेनिक्योर टेबुल अगाडि राख्ने |

| क्र.सं. | काम र कर्तव्य | कार्य तथा उपकार्यहरू | उद्देश्य | संक्षिप्त विवरण |
|---|---|---|---|---|
| | | | | २. कचौरामा तातो पानी र एक चिया चम्चा स्याम्पो मिसाउने<br>३. आवश्यक परेमा नङ्गको पालिस रिमुवरले हटाउने<br>४. आवश्यक परेमा नङ्ग काट्ने र फाइलले मिलाउने<br>५. कचौरामा ग्राहकका औंलाहरू डुबाउने<br>६. ब्रसमा साबुन लगाएर नङ्गमा ब्रस गर्ने<br>७. भिजेको नङ्गलाई टावलले पुछेर क्रिम लगाएर मरेको छाला (dead cuticle) निकाल्ने<br>८. क्यूटिकल क्लिनरले नङ्गको वरिपरी सफा गर्ने<br>९. सफा पानीमा हातलाई पखाल्ने र पुछ्ने<br>१०. नङ्ग वरिपरीको मरेको छालालाई क्यूटिकल कटरले काट्ने<br>११. नङ्गलाई क्रिम मसाज गर्ने<br>१२. आवश्यक परेमा नङ्गमा पालिस लगाउने |
| १३. | पेडिक्योर (Pedicure) | १३.१ परिचय/महत्व | १३.१.१ पेडिक्योरको परिचय र महत्व सम्बन्धी ज्ञान | परिचय<br>१. खुट्टाको नङ्गलाई इच्छा अनुसार मिलाउने र खुट्टा सफा गर्ने<br>महत्व<br>१. खुट्टाको सुन्दरता वढाउन |

| क्र.सं. | काम र कर्तव्य | कार्य तथा उपकार्यहरू | उद्देश्य | संक्षिप्त विवरण |
|---|---|---|---|---|
| | | | | २. नङ्गलाई स्वस्थ राख्न र आरामको लागि |
| | | १३.२ आवश्यक सामग्रीहरूको संकलन | १३.१.१ पेडिक्योरको लागि आवश्यक सामग्रीहरूको संकलन गर्न सक्षम | १. पेडिक्योर सेट<br>२. प्लाष्टिकको बाटा<br>३. पेडिक्योर चियर, स्टुल<br>४. पलिस रिमोवर<br>५. कपास<br>६. साबुन, स्याम्पो<br>७. डिटोल, हाइड्रोजन प्याराअक्साइड<br>८. नेल ब्रस<br>९. Foot scrubble<br>१०. प्यूमिक स्टोन<br>११. ह्याण्ड एण्ड बडी लोसन, क्यूटिकल क्रिम<br>१२. फिंगर प्याड<br>१३. वेस कोट, सुपर/फाइनल कोट |
| | | १३.३ तरिका | १३.३.१ सही तरिकाले खुट्टाको सरसफाई गर्न सक्षम | १. ग्राहकलाई पेडिक्योर स्टूल अगाडि बसाउने<br>२. बाटामा तातो पानी र स्याम्पो मिसाउने<br>३. आवश्यक परेमा खुट्टाको नङ्ग पालिस निकाल्ने<br>४. मिश्रणमा ग्राहकको खुट्टा डुबाउने<br>५. आवश्यक परेमा नङ्ग काट्ने र फाइलले मिलाउने<br>६. भिजेको नङ्गमा क्रिम लगाएर नङ्गको |

| क्र.सं. | काम र कर्तव्य | कार्य तथा उपकार्यहरू | उद्देश्य | संक्षिप्त विवरण |
|---|---|---|---|---|
| | | | | मरेको छाला (dead skin) निकाल्ने<br>७. क्यूटिकल क्लिनरले नङ्गको वरिपरी सफा गर्ने<br>८. ब्रसमा साबुन लगाएर नङ्गमा ब्रस गर्ने<br>९. सफा पानीमा खुट्टा पखाल्ने र पुछ्ने<br>१०. नङ्ग वरिपरीको मरेको छालालाई क्यूटिकल कटरले काट्ने<br>११. नङ्गलाई क्रिमले मसाज गर्ने<br>१२. आवश्यक परेमा नङ्ग पालिस लगाउने |
| १४. | मेहन्दी कला (Mehendi Art) | १४.१ परिचय/महत्व | १४.१.१ हात खुट्टामा मेहन्दी लगाउने परिचय र महत्व सम्बन्धी ज्ञान | <u>परिचय</u><br>१. हात/खुट्टाको सौन्दर्य बढाउन<br><u>महत्व</u><br>१. हात खुट्टालाई शितल पार्न<br>२. शुभ मुहुर्त कार्यहरूमा |
| | | १४.२ आवश्यक सामग्रीहरूको संकलन | १४.२.१ हात खुट्टामा मेहन्दी लगाउन आवश्यक सामग्रीहरूको संकलन गर्न सक्षम | १. चालेको मेहन्दी<br>२. मेहन्दी कोन (तयारी)<br>३. मेहन्दी तेल<br>४. कागती<br>५. चिनी<br>६. कपास<br>७. धार नभएको चक्कु<br>८. कुनै एक तेल |
| | | १४.३ तरिका | १४.३.१ हात खुट्टामा सही तरिकाले मेहन्दी लगाइदिन सक्षम | १. मेहन्दी छानेर भिजाउने (२४ घण्टा भिजाउने) |

| क्र.सं. | काम र कर्तव्य | कार्य तथा उपकार्यहरू | उद्देश्य | संक्षिप्त विवरण |
|---|---|---|---|---|
| | | | | २. मेहन्दी कोन (plastic cone) तयार पार्ने<br>३. तयार पारेको मेहन्दीलाई कोनमा राख्ने<br>४. सफा हात/खुट्टामा मेहन्दी तेल लगाउने<br>५. ग्राहकको इच्छा अनुसारको बुट्टा लगाई दिने<br>६. मेहन्दी लगाएको १५–२० मिनेट पछि चिनी र कागतीको रस मेहन्दी माथि लगाउने<br>७. सुकेपछि धार नभएको चक्कुले निकाल्ने<br>८. कुनै एक तेल लगाउने र २४ घण्टा सम्म पानी नपार्ने |
| १५. | फेस क्लिन्जिङ्ग | १५.१ परिचय/महत्व | १५.१ फेस क्लिन्जिङ्गको परिचय/महत्व सम्बन्धी ज्ञान | |
| | | १५.२ तरिका | १५.२ फेस क्लिन्जिङ्ग गर्ने तरिका सम्बन्धी ज्ञान | १. सफासँग अनुहार देखि घाँटीसम्म पुछ्ने<br>२. आवश्यकता अनुसार छालाको प्रकार हेरी क्लिन्जिङ्गक्रिम घाँटी देखि पुरै फेसमा लगाउने<br>३. ३–५ मिनेटसम्म मसाज गर्ने<br>४. आवश्यक परेमा स्क्रवको प्रयोग गर्ने<br>५. सफा गर्ने<br>६. छालाको अवस्था हेरी फेश प्याक |

| क्र.सं. | काम र कर्तव्य | कार्य तथा उपकार्यहरू | उद्देश्य | संक्षिप्त विवरण |
|---|---|---|---|---|
| | | | | लगाईदिने<br>७. छालाको प्रकार हेरी सन ब्लक वा म्वाइस्चराइजर लगाईदिने |
| | | १५.३ सामग्रीहरू | १५.३.१ आवश्यक सामग्रीहरूको ज्ञान | १. हेड व्याण्ड<br>२. क्लिन्जिङ्ग<br>३. रोजवाटर<br>४. स्क्रव<br>५. म्वाइस्चराइजर<br>६. सनव्लक<br>७. टावेल<br>८. Facial sponge |
| १६. | स्याम्पू | १६.१ परिचय/महत्व | १६.१.१ स्याम्पूको परिचय/महत्व सम्बन्धी ज्ञान | |
| | | १६.२ तरिका | १६.२.१ स्याम्पू गर्ने तरिका सम्बन्धी ज्ञान | १. कपाललाई राम्रोसँग कोरेर भिजाउने<br>२. इयर क्याप लगाइदिने<br>३. स्याम्पू एप्रोन लगाइदिने<br>४. कपालको सबै भागमा राम्रोसँग स्याम्पू लगाइदिने<br>५. औंलाले हलुका मसाज गरिदिने<br>६. मनतातो पानीले कपाल धोइदिने<br>७. धोएको कपालमा कन्डिसनर लगाएर ५ मिनेट छोडिदिने<br>८. स्याम्पू टावेलले पुछिदिने<br>९. कपाल धोएर सुकाउने |

| क्र.सं. | काम र कर्तव्य | कार्य तथा उपकार्यहरू | उद्देश्य | संक्षिप्त विवरण |
|---|---|---|---|---|
| | | १६.३ सामग्रीहरू | १६.३.१ स्याम्पूका लागि आवश्यक सामग्रीहरू सम्बन्धी ज्ञान | १. सावर सहितको वेसिन<br>२. स्याम्पू एप्रोन<br>३. इयर क्याप<br>४. मनतातो पानी<br>५. स्याम्पू<br>६. कन्डिसनर<br>७. काईंयो<br>८. रूमाल<br>९. Hair Dryer |
| १७. | ब्लो ड्राई | १७.१ परिचय/महत्व | १७.१.१ ब्लो ड्राई सम्बन्धी परिचय र महत्व सम्बन्धी ज्ञान | |
| | | १७.२ तरिका | १७.२.१ ब्लो ड्राई गर्ने तरिका सम्बन्धी ज्ञान | १. कपाललाई राम्रोसँग कोर्ने<br>२. कपाललाई भाग लगाउने<br>३. पानीले हलुका भिजाउने<br>४. कपाललाई ब्लो ड्रायरले सुकाउने<br>५. कपालको Cutting अनुसार out बाट र in बाट ब्रसको सहायताले सेटिङ्ग गरिदिने<br>६. हेयर स्प्रे लगाइदिने |
| | | १७.३ सामग्री | १७.३.१ ब्लो ड्रायरका लागि आवश्यक सामग्रीहरू | १. ड्रायर<br>२. टेल कम्ब<br>३. हेयर स्प्रे<br>४. रूमाल<br>५. एप्रोन |

| क्र.सं. | काम र कर्तव्य | कार्य तथा उपकार्यहरू | उद्देश्य | संक्षिप्त विवरण |
|---|---|---|---|---|
| | | | | ६. एप्रान केप<br>७. वाटर स्प्रे<br>८. जाको पिन<br>९. गोलो/सेटिङ्ग, फ्ल्याट ब्रस |
| १८. | रोलर सेटिङ्ग | १८.१ परिचय/महत्व | १८.१.१ रोलर सेटिङ्गको परिचय/महत्व सम्बन्धी ज्ञान | |
| | | १८.२ तरिका | १८.२.१ रोलर सेटिङ्ग गर्ने तरिका सम्बन्धी ज्ञान | १. टावेल लगाइदिने<br>२. कपाललाई राम्रोसँग कोरेर partition गरिदिने<br>३. वाटर स्प्रेले हलुका भिजाउने<br>४. कपालमा क्रमश: रोलर्स लगाउँदै जाने<br>५. केही समय छोडिदिने<br>६. कपालको अवस्था हेरी चेक गर्ने<br>७. कपाल Curly नभएको भए १० देखि १५ मिनेट सम्म हुड ड्रायरमा राखिदिने<br>८. कपाल Curly भएको भए ग्राहकको इच्छा अनुसार हेयर स्प्रे लगाइदिने |
| | | १८.३ सामग्रीहरू | १८.३.१ रोलर सेटिङ्गका लागि आवश्यक सामग्रीहरू | १. सबै size का रोलरहरू<br>२. रूमाल<br>३. ड्रायर<br>४. टेल कम्ब<br>५. हुड ड्रायर<br>६. वाटर स्प्रे<br>७. जाको पिन |

| क्र.सं. | काम र कर्तव्य | कार्य तथा उपकार्यहरू | उद्देश्य | संक्षिप्त विवरण |
|---|---|---|---|---|
| | | | | ८. जेल<br>९. सेटिङ्ग ब्रस |
| १९. | पुरूषको कपाल काट्ने (Gents Cut) | १९.१ परिचय/महत्व | १९.१.१ पुरूषको कपाल काट्ने परिचय र महत्व सम्बन्धी ज्ञान | १. संस्कार<br>२. सरसफाइ<br>३. सौन्दर्य<br>४. आकर्षण<br>५. व्यक्तित्व दर्शाउन<br>६. स्वस्थ हुनको लागि |
| | | १९.२ आवश्यक सामग्रीहरूको संकलन | १९.२.१ पुरूषको कपाल काट्न आवश्यक सामग्रीहरूको संकलन गर्न सक्षम | १. एप्रोन केप (वाटर प्रुफ)<br>२. एप्रोन कोट (वाटर प्रुफ)<br>३. कैंची, छुरा, रेजर ब्लेड, हेयर क्लिपर<br>४. काईंयो (चुच्चे, ठूलो, हजाम)<br>५. रूमाल<br>६. वाटर स्प्रे<br>७. कपाल झार्ने ब्रस<br>८. पाउडर<br>९. सफ्ट ब्रस |
| | | १९.३ तरिका | १९.३.१ सही तरिका अपनाई पुरूषको कपाल काट्न सक्षम | १. एप्रोन केप लगाईदिने<br>२. आवश्यक परेमा स्याम्पो गरिदिने<br>३. रूमालले पुछिदिने<br>४. ग्राहकको इच्छा अनुसार कपाल काट्न शुरू गर्ने<br>५. आवश्यक परेमा हेयर क्लिपर वा रेजरको प्रयोग गर्ने |

| क्र.सं. | काम र कर्तव्य | कार्य तथा उपकार्यहरू | उद्देश्य | संक्षिप्त विवरण |
|---|---|---|---|---|
| | | | | ६. कपाल काटिसकेपछि ग्राहकको इच्छा अनुसार सेट गर्ने र स्प्रे गरिदिने |
| | | १९.४ हेड मसाज | १९.४.१ कपाल काटिसकेको टाउकोमा मसाज गर्न सक्षम | १. ग्राहकको इच्छा अनुसार औंलाको सहायताले मसाज गरिदिने |
| २०. | पुरूषको दाह्री बनाउने (Gents Beard) | २०.१ परिचय/महत्व | २०.१.१ पुरूषको दाह्री बनाउने परिचय र महत्व सम्बन्धी ज्ञान | १. सरसफाई<br>२. आकर्षण<br>३. सौन्दर्य<br><u>जुंगा/दाह्रीका प्रकार</u><br>१. जयपुरी जुंगा<br>२. राजपुत जुंगा<br>३. तलवार कट<br>४. विसकड कट<br>५. फ्रेन्च कट<br>६. लङ्ग साइड लक<br>७. इम्पेरियल<br>८. क्लिन सेभ |
| | | २०.२ आवश्यक सामग्रीहरूको संकलन | २०.२.१ पुरूषको दाह्री बनाउन आवश्यक सामग्रीहरूको संकलन गर्न सक्षम | १. काईंयो<br>२. छुरा<br>३. सेविङ्ग क्रिम<br>४. सेविङ्ग ब्रस<br>५. एन्टिसेप्टिक क्रिम<br>६. रूमाल<br>७. स्टिलको कचौरा<br>८. एन्टिसेप्टिक साबुन<br>९. आफ्टर सेव लोसन |

| क्र.सं. | काम र कर्तव्य | कार्य तथा उपकार्यहरू | उद्देश्य | संक्षिप्त विवरण |
|---|---|---|---|---|
| | | | | १०. छाला (छुरा उद्‌चाउन)<br>११. क्लिन सेट |
| | | २०.३ तरिका | २०.३.१ सही तरिका अपनाई पुरूषको दाह्री बनाउन सक्षम | १. ग्राहकलाई एप्रोन केप लगाईदिने<br>२. दाह्लाई पानीले भिजाई दिने<br>३. सेविङ्ग ब्रसले सेविङ्ग क्रिम लगाईदिने<br>४. ग्राहकको इच्छा अनुसार दाह्री काट्ने<br>५. काटिसकेपछि आफ्टर सेव लोसन लगाईदिने |
| २१. | निर्मलीकरण तथा सरसफाई (Sterilization and Sanitation) | २१.१ परिचय/महत्व | २१.१.१ निर्मलीकरण तथा सरसफाईको परिचय र महत्व सम्बन्धी ज्ञान | १. रोग संक्रमण रहित बनाउने<br>२. किटाणुमुक्त बनाउने<br>३. निर्मलीकरण गर्ने तरिका :<br>• Physical sanitation method<br>• Chemical sanitation method<br>४. विभिन्न प्रकारका किटाणुहरूलाई रसायनिक पदार्थद्वारा निर्मूल पार्ने जस्तै:<br>Alcohol, Chlorozal, Phenol, Lysol, Savlon, Dettol तथा सबै प्रकारका disinfectant solutions |
| २२. | प्राथमिक उपचार | २२.१ परिचय/महत्व | २२.१.१ प्राथमिक उपचारको परिचय/महत्व सम्बन्धी ज्ञान दिई प्राथमिक उपचार गर्न सक्षम | १. प्राथमिक उपचारको परिचय/महत्व बुझाई प्राथमिक उपचार गर्ने तरिका बुझाउने |
| २३. | पेशागत नैतिकता | २३.१ परिचय/महत्व | २३.१.१ केश श्रृंगार पेशामा हुनुपर्ने पेशागत नैतिकता सम्बन्धी ज्ञान | १. अत्यावश्यक गुण<br>२. सिद्धान्तको पालना |

| क्र.सं. | काम र कर्तव्य | कार्य तथा उपकार्यहरू | उद्देश्य | संक्षिप्त विवरण |
|---|---|---|---|---|
| | | | | ३. जिम्मेवारीको पालना<br>४. नियम कानूनको पालना<br>५. ग्राहकको इच्छाको सम्मान<br>६. आफूलाई समय सापेक्ष स्तरोन्नति गर्नुपर्ने<br>७. आत्मविश्वास<br>८. सफा, सुन्दर र स्वास्थ्यमा ध्यान |

**मेशिन, औजार तथा सरसामानहरूको मापदण्ड (नर्म्स)**
(**Norms of Machines, Tools & Materials**)

प्रशिक्षार्थी संख्या : २०

आवश्यक सामग्रीहरू

| क्र.सं. | विवरण | स्पेसिफिकेसन | परिमाण | इकाई | कैफियत |
|---|---|---|---|---|---|
| १ | क्रिम | नर्मल | १२५ | ग्राम | |
| २ | टेलकम पाउडर | | १२० | ग्राम | |
| ३ | धागो | ४० नं. | २० | वटा | |
| ४ | कपास | सानो रोल | १० | रोल | |
| ५ | फेस म्वाइस्चराइजर वा लोसन | all skin | २०० | मि.लि. | |
| ६ | Face cleaning cream | २५० मि.ग्रा. | २ | वटा | |
| ७ | Facial scrub | | ५०० | मि.ग्रा. | |
| ८ | Sub block lotion | | ५० | मि.ग्रा. | |
| ९ | काईंयो | टेल कम्ब | २० | वटा | |
| १० | रूमाल | मध्यम | २० | वटा | |
| ११ | ज्याक पिन | ठूलो | १२० | वटा | |
| १२ | प्लाष्टिकको बाटा | मध्यम | १० | वटा | |
| १३ | सिसाको कचौरा | सानो साइज | १० | वटा | |
| १४ | हर्बल प्याक मेहेन्दी | ५०० ग्राम | ४ | के.जी. | |
| १५ | स्याम्पु | | ५०० | मि.लि. | |
| १६ | कन्डिसनर | | २५० | मि.लि. | |
| १७ | हेयर स्प्रे | २०० मि.लि. | ३ | थान | |
| १८ | हेयर जेल | ५० मि.लि. | १० | थान | |
| १९ | वाक्स | २०० मि.लि. | ४ | थान | |
| २० | पाउडर | | २०० | ग्राम | |
| २१ | कपडाको टुक्राहरू (Strip) | | २० | बण्डल | |
| २२ | एन्टिसेप्टिक लोसन | | २०० | मि.लि. | |
| २३ | Chilled water/ice cube | | आवश्यकता अनुसार | | |
| २४ | Menicure/Peducure Cream or lotion | | १००० | मि.लि. | |
| २५ | Hydrogen Peroxide | | ५०० | मि.लि. | |
| २६ | Shampoo | | २०० | मि.लि. | |
| २७ | Dettol | | ५० | मि.लि. | |
| २८ | नून | | २० | चिया चम्चा | |
| २९ | नेल पोलिस रिमूवर | ५० मि.लि. | १२ | थान | |
| ३० | नेल पोलिस | ५० मि.लि. | १२ | थान | |
| ३१ | Base Coat | | १० | मि.लि. | |
| ३२ | Top/Super coat | | १० | मि.लि. | |
| ३३ | मेहन्दी | | २० | कोन | |
| ३४ | मेहन्दी तेल, ल्वाङ्ग तेल | | ३० | मि.लि. | |
| ३५ | कागती | | २० | वटा | |
| ३६ | चिनी | | ४०० | ग्राम | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३७ | हेयर स्प्रे | | १० | थान | |
| ३८ | मेकअप किट | सानो | ४ | वटा | |
| ३९ | क्लिन्जिङ्ग क्रिम | | ५० | मि.ग्रा. | |
| ४० | म्वाइस्चराइजर | | १० | मि.ग्रा. | |
| ४१ | फाउण्डेसन | | ५० | मि.ग्रा. | |
| ४२ | लुज पाउडर | | १०० | ग्राम | |
| ४३ | सनक्रिम लोसन | | ५० | ग्राम | |
| ४४ | लिपिस्टिक | | १ | वटा | |
| ४५ | लिप लाइनर | | १ | वटा | |
| ४६ | आई लाइनर | | १ | वटा | |
| ४७ | मस्कारा | | १ | वटा | |
| ४८ | टिस्यू पेपर | | ४ | प्याकेट | |
| ४९ | बोर्ड मार्कर | | २ | दर्जन | |
| ३७ | Anticeptic Solution | | २०० | मि.लि. | |
| ३८ | Lizol | | २०० | मि.लि. | |
| ३९ | Dettol | | २०० | मि.लि. | |
| ४० | फिनायल | | २०० | मि.लि. | |
| ४१ | क्यालामाइन लोसन | dry oily skin 200 ml | २ | बोतल | |
| ४२ | कोलिन | | ५०० | मि.लि. | |
| ४३ | डेटोल साबुन | | ६ | वटा | |
| ४४ | ह्याण्ड वास | | २ | बोतल | |
| ४५ | ऐना पुछ्ने कपडा | | २ | मिटर | |
| ४६ | स्याम्पू एप्रोन | | २ | थान | |
| ४७ | इयर क्याप | | १० | थान | |
| ४८ | Oil Massage | 500 ml | २ | बोतल | |
| ४९ | Face Pack | 100 gm | ४ | बट्टा | |
| ५१ | Threading Scissor | | ४ | थान | |
| ५२ | Roller Set | | १५ | पाकेट | |
| ५३ | जुरो सजाउने सामग्रीहरू | | ५ | पाकेट | |
| ५४ | First Aid Box | | १ | सेट | |

## मेसिन औजारहरू

| क्र. सं. | विवरण | स्पेसिफिकेसन | परिमाण | इकाई | कैफियत |
|---|---|---|---|---|---|
| १ | कैंची सानो | सानो | २० | वटा | |
| २ | टुईजर | | १० | वटा | |
| ३ | रूमाल | सानो | २० | वटा | |
| ४ | एप्रोन | | १० | वटा | |
| ५ | आरामदायी मेच (Haircutting Chair) | | २० | वटा | |
| ६ | हेयर ब्याण्ड | साधारण | १० | वटा | |
| ७ | स्पन्ज | साधारण | १० | वटा | |
| ८ | स्याम्पु काईंयो | ठूलो दाँत भएको | १० | वटा | |
| ९ | सावर क्याप | मध्यम | १० | वटा | |
| १० | मेहेन्दी ब्रस | मध्यम | १० | वटा | |
| ११ | एप्रोन केप | फुल साइज | १० | वटा | |
| १२ | हेयर ब्रस | मध्यम | १० | वटा | |

| | | | | | |
|---|---|---|---|---|---|
| १३ | हेयर ड्रायर | | ५ | वटा | |
| १४ | स्याम्पू चेयर | | २ | वटा | |
| १५ | सावर | | ५ | वटा | |
| १६ | वास बेसिन | | ४ | वटा | |
| १७ | वाटर बोतल | पानी राख्ने | १० | वटा | |
| १८ | Spatula | | २० | वटा | |
| १९ | Blunt Knife | | १० | वटा | |
| २० | Wax heater | | ५ | वटा | |
| २१ | Menicure/Pedicure Bowl | | १० | वटा | |
| २२ | Stool | | ५ | वटा | |
| २३ | Purnic Stone | साधारण | १० | वटा | |
| २४ | Foot scrubble | | १० | वटा | |
| २५ | मेहेन्दी डिजाइन (Pattern) | Clear design book | १० | वटा | |
| २६ | सानो च्याप्ने काँटा (Bob pin) | | १० | बट्टा | |
| २७ | यू पिन काँटा | | १० | बट्टा | |
| २८ | ब्याक कम्ब | लामो, छोटो दाँत भएको | १० | बट्टा | |
| २९ | आरामदायी मेच | Comfortable full size | १० | वटा | |
| ३० | हेयर ब्याण्ड | Big+fine | १० | वटा | |
| ३१ | हेयर रोलर | Medium | २४० | वटा | |
| ३२ | मेनिक्योर सेट | | ५ | वटा | |
| ३३ | पेडिक्योर टावल | मध्यम | १० | वटा | |
| ३५ | Hood Dryer | कपाल सुकाउन | १ | वटा | |
| ३६ | पन्जा (Gloves) | मध्यम साइज | २० | जोर | |
| ३७ | हेयर जेल | मध्यम साइज | १० | वटा | |

भौतिक पूर्वाधार

| क्र. सं. | विवरण | स्पेसिफिकेसन | परिमाण | इकाई | कैफियत |
|---|---|---|---|---|---|
| १ | कोठा (Class Room) | २०'×१५' | १ | वटा | |
| २ | अफिस कोठा | ४'×४' | १ | वटा | |
| ३ | प्रयोगात्मक कक्ष | २०'×१५' | १ | वटा | |

फर्निचर तथा अन्य

| क्र. सं. | विवरण | स्पेसिफिकेसन | परिमाण | इकाई | कैफियत |
|---|---|---|---|---|---|
| १ | हेयर कटिङ्ग टेबल | १२"×३' | ४ | थान | |
| २ | ऐना | ३×३ | ४ | थान | |
| ३ | फेसियल बेड | ३×७ | ५ | थान | |
| ४ | स्टोरिङ्ग क्याबिनेट | २×५ | २ | थान | |
| ५ | शो केश | | | | |
| ६ | स्याम्पू वेसिन | standard size | ३ | थान | |
| ७ | वास वेसिन | standard size | ३ | थान | |

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | मेनिक्योर टेबुल | ३×३ फिट | ४ | थान | |
| ९ | पेडिक्योर स्टूल | standard size | ४ | थान | |
| १० | मेनिक्योर कुर्सी | standard size | ४ | थान | |
| ११ | स्टेबलाइजर क्याबिनेट | Medium size | २ | थान | |
| १२ | प्राथमिक उपचार बाकस | Medium size | २ | थान | |
| १३ | ग्याँस गिजर | | १ | वटा | |
| १४ | ग्याँस सिलिण्डर | | २ | वटा | |
| १५ | दराज | | १ | थान | |
| १६ | थ्रेडिङ्ग कुर्सी | | ५ | थान | |
| १७ | हेयर कटिङ्ग कुर्सी | | १० | थान | |
| १८ | साइड ट्रली | | १० | थान | |
| १९ | व्हाईट बोर्ड | ३'×६' | १ | वटा | |
| २० | एक्जस्ट फैन | | २ | वटा | |
| २१ | सो केश | | २ | वटा | |
| २२ | मल्टिमिडिया प्रोजेक्टर | | १ | वटा | |
| २३ | ल्यापटप कम्प्यूटर | | १ | वटा | |

## कर्मचारी

१. प्रशिक्षक १ जना
२. सहायक प्रशिक्षक १ जना
३. कार्यालय सहयोगी १ जना

## अन्य (आवश्यकता अनुसार)

१. सामान ढुवानी (ट्रान्स्पोर्टेशन)
२. ह्याण्ड्स आउट, म्यानुअल, पुस्तक, पत्रिका, उद्घाटन समापन, सर्टिफिकेट, जलपान, अतिथी सत्कार आदि